सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २४४ ♦ २०८३ साल वैशाख २८ सोमवार ♦ 11 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# बर्दिबास र ढल्केबरमा सुकुमवासीको प्रदर्शन






**खबर दर्पण समाचारदाता**

**वैशाख २७ गते, बर्दिवास**

सरकारले सरकारी तथा ऐलानी जग्गामा रहेका बस्ती हटाउने तयारी गरेको भन्दै महोत्तरीको बर्दिबासमा सुकुमवासी, दलित तथा अव्यवस्थित बसोवासीहरूले विरोध प्रदर्शन गरेका छन्।

राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, महोत्तरीको नेतृत्वमा आयोजित प्रदर्शनमा ठुलो सङ्ख्यामा भूमिहीन तथा सुकुमवासी परिवारहरूको सहभागिता रहेको थियो। प्रदर्शनकारीहरूले सुकुमवासी लाई विस्थापित नगरी सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने माग गर्दै विभिन्न नारासहित सरकार को ध्यानाकर्षण गराएका छन् । "भूमि हाम्रो अधिकार हो", "डोजर आतङ्क बन्द गर", "सुकुमवासीलाई आवास सुनिश्चित गर" जस्ता नाराहरू प्रदर्शनमा लागेका थिए ।

भप्सी खोलाबाट सुरु भएको जुलुस बर्दिबासको मुख्यबजार क्षेत्र परिक्रमा गर्दै सिन्धुली रोड चोकमा पुगेर कोणसभामा परिणत भएको थियो। कोणसभालाई सम्बोधन गर्दै भूमि अधिकार मञ्चका केन्द्रीय महासचिव फौदसिंह स्याङ्गवाले सरकारले सुकुमवासी बस्तीमा डोजर प्रयोग नगर्न आग्रह गर्नुभयो। उहाँले वर्षौंदेखि बसोवास गर्दैआएका भूमिहीन परिवारलाई उचित व्यवस्थापन गरी उनीहरू बसोवास गरिरहेको जग्गाको लालपुर्जा उपलब्ध गराउनुपर्ने माग गर्नुभएको थियो ।

स्यांगवाले वास्तविक सुकुमवासीहरू अहिले असुरक्षित र त्रसित अवस्थामा बाँच्न बाध्य भएको उल्लेख गर्दै जबरजस्ती बस्ती हटाउने कार्य मानव अधिकारविपरीत भएको धारणा राख्नुभयो। उहाँका अनुसार पछिल्लो समय भइरहेको डोजर अभियानका कारण महोत्तरीका भूमिहीन समुदायमा त्रासको अवस्था सिर्जना भएको छ।

त्यसैगरी राष्ट्रिय भूमि अधिकार मञ्च महोत्तरीका अध्यक्ष नेत्रबहादुर कार्की (बलराम)ले सरकारको सुकुमवासी व्यवस्थापन नीति सकारात्मक भए पनि वैकल्पिक व्यवस्था नगरी उठीवास गराउने कार्य उचित नभएको बताउनुभयो। उहाँले बसोवास गरिरहेको स्थानको लालपुर्जा उपलब्ध गराएर मात्र व्यवस्थापन प्रक्रिया अघि बढाउन सरकारसँग माग गर्नुभयो।

धनुषाको ढल्केबरमा सुकुमवासीले भूमि तथा आवासको अधिकार सुनिश्चित गर्न माग गर्दै प्रदर्शन गरेका छन् । राष्ट्रिय भूमि अधिकार मञ्च जिल्ला कार्यसमिति धनुषाको नेतृत्वमा सुकुमवासीहरूले प्रदर्शन गरेका हुन् ।

प्रदर्शनका सहभागीले "उठीवास बन्द गर", "भूमि र आवासको अधिकार सुनिश्चित गर" तथा "जीवन र जीविकाको अधिकार सुनिश्चित गर" लगायतका नारा लेखिएका प्लेकार्डसहित प्रदर्शन गर्दै ढल्केबरस्थित महेन्द्र पार्कमा पुगेर कोणसभा गरेका थिए ।

कोणसभालाई सम्बोधन गर्दै भूमि अधिकार मञ्चका केन्द्रीय सदस्य इच्छाराम परियारले सुकुमवासी बस्तीमा डोजर नचलाउन सर कारसँग आग्रह गर्नुभयो । उहाँले लामो समयदेखि बसोवास गर्दैआएका सुकुमवासीलाई व्यवस्थापन गरी बसेकै जग्गाको लालपुर्जा उपलब्ध गराउनुपर्ने बताउनुभयो ।

उहाँले सरकारले सुकुमवासी व्यवस्थापनका लागि लिएको नीति सकारात्मक भए पनि व्यवस्थापनभन्दा पहिले उठीवास गराउने कार्य उचित नभएको धारणा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "सुकुमवासीलाई हटाउनुभन्दा पहिले बसोवास गरिरहेको जग्गाको लालपुर्जा उपलब्ध गराउन सरकारलाई हाम्रो आग्रह छ ।"



कोणसभामा मिथिला नगर पालिका-३, दिनाभद्री सुकुमवासी टोलका गोबिन्द सदाले सुकुमवासी बस्तीमा डोजर नचलाउन र स्थायी बसोवासको व्यवस्था गर्न माग गर्नुभयो । उहाँले वर्षौंदेखि बसोवास गर्दैआएका परिवारलाई विस्थापित नगरी अधिकार सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

## शिरीष संचार समूह

## नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# उन्नत केरा खेतीतर्फ महोत्तरीका किसानको बढ्दो आकर्षण

अजयकुमार साह
**वैशाख २७ गते, बर्दिवास**



महोत्तरी जिल्लाको उत्तरवर्ती क्षेत्रमा पछिल्ला वर्षहरूमा किसानहरूको आकर्षण व्यावसायिक उन्नत केरा खेतीतर्फ तीव्र रूपमा बढ्दै गएको छ। परम्परागत खेती प्रणालीबाट अपेक्षित आम्दानी हुन छाडेपछि किसानहरू कम क्षेत्रफलमा बढी उत्पादन र राम्रो बजार मूल्य दिने उन्नत जातका केरा खेतीतर्फ उन्मुख भएका हुन्।

गौशाला, भंगाहा नगरपालिका तथा सोनमा र सम्सी गाउँपालिकाका किसानहरूले अहिले परम्परागत मिर्चमान, झपरी, बत्तिसा र स्थानीय मालभोग जातका केराभन्दा रोवेष्ट्रा, इजी नाइन, विलियम हाइब्रिड र उन्नत मालभोग जातका केरालाई प्राथमिकता दिन थालेका छन्। सानो बोट, ठूलो घरी, धेरै हात लाग्ने र स्वादिष्ट हुने भएकाले रोवेष्ट्रा र इजी नाइन जात किसानहरूको पहिलो रोजाइ बन्दै गएको देखिन्छ।

गौशाला नगरपालिका-११ भरतपुरका किसान रामएकवाल महतो पाँच वर्षदेखि व्यावसायिक रूपमा केरा खेती गर्दै आउनुभएको छ। उहाँले अहिले पाँच बिघा क्षेत्रफलमा इजी नाइन, रोवेष्ट्रा र उन्नत मालभोग जातका केरा लगाउनुभएको छ। महतोका अनुसार खर्च कटाएर वार्षिक तीन लाख रुपैयाँभन्दा बढी आम्दानी हुने गरेको छ।

"यो वर्षको उत्पादन पनि अग्रिम रूपमा बिक्री भइसकेको छ," उहाँले भन्नुभयो, "प्रति कोसा साढे चार रुपैयाँका दरले कारोबार भइरहेको छ भने एक घरी केरा तीनदेखि चार सय रुपैयाँसम्ममा बिक्री हुन्छ।"

सम्सी गाउँपालिका-५ गाढाभेटपुरका किसान रामध्यान मण्डल पनि व्यावसायिक केरा खेतीबाट उत्साहित हुनुहुन्छ। उहाँका अनुसार रोवेष्ट्रा र इजी नाइन जातको केरा सानो बोट हुने भएकाले हावाहुरीमा कम ढल्ने, स्वादिष्ट हुने र रोपेको करिब नौ महिनामै उत्पादन दिन सुरु गर्ने भएकाले किसानका लागि लाभदायक बनेको छ।

"एक कट्ठामा करिब ८० वटा बोट लगाउन सकिन्छ," उहाँले भन्नुभयो, "उपभोक्ताको माग राम्रो भएकाले बिक्रीको कुनै समस्या छैन।"



कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार जिल्लामा पछिल्लो समय युवा किसानहरू व्यावसायिक केरा खेतीमा बढी सक्रिय देखिएका छन्। कम मेहनत र सीमित लगानीमै राम्रो आम्दानी लिन सकिने भएकाले यो खेतीप्रति आकर्षण बढेको कार्यालयको भनाइ छ।

कृषि ज्ञान केन्द्र महोत्तरीका निमित्त प्रमुख देवानन्द रायका अनुसार गौशाला, भंगहा र सम्सीका विभिन्न गाउँमा हाल एक सय हेक्टरभन्दा बढी क्षेत्रफलमा उन्नत जातको केरा खेती भइरहेको छ। जिल्लाभर केरा खेतीको कुल क्षेत्रफल करिब तीन हजार हेक्टर रहेको उहाँले जानकारी दिनुभयो।

"एक पटक लगाइएको केराले उचित काँटछाँट र रोग व्यवस्थापन पाए पाँच वर्षसम्म उत्पादन दिन सक्छ," उहाँले भन्नुभयो।

बागवानी विकास अधिकृत अबिरल कुमार महतो कुशवाहाका अनुसार तरकारीका रूपमा प्रयोग हुने केराका लागि बत्तिसा र झपरी जात उपयुक्त मानिन्छ भने फलका रूपमा स्थानीय मालभोग अझै लोकप्रिय छ। तर उन्नत जातमध्ये रोवेष्ट्रा र इजी नाइन महोत्तरीको हावापानीमा राम्रोसँग फस्टाएको र बजार माग पनि बलियो रहेको उहाँ बताउनुहुन्छ।

यद्यपि, किसानहरूले कृषि प्राविधिक सहयोग भने पर्याप्त रूपमा नपाएको गुनासो गरेका छन्। कृषि ज्ञान केन्द्र र पालिकाका कृषि शाखाहरू भए पनि नियमित अनुगमन, रोग व्यवस्थापन र प्राविधिक परामर्शमा कमजोरी रहेको किसानहरूको भनाइ छ।

किसानहरूले उन्नत र प्रमाणित बिरुवा उपलब्ध गराउने, आधुनिक खेती प्रविधि सिकाउने, उत्पादन भण्डारण तथा बजार व्यवस्थापनमा सहयोग गर्ने कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न माग गरेका छन्। कृषि ज्ञान केन्द्रले भने किसानलाई आवश्यक सबै प्राविधिक सहयोग उपलब्ध गराउन कार्यालय प्रतिबद्ध रहेको जनाएको छ।



## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सरकारको नीति तथा कार्यक्रम आज प्रस्तुत हुने

खबर दर्पण समाचारदाता

**वैशाख २७ गते, बर्दिवास**




सङ्घीय संसद्को बजेट अधिवेशन सोमवार देखि शुरू हुँदैछ। यस्तै सोमवार नै सरकारको नीति कार्यक्रम पनि प्रस्तुत हुने भएको छ ।

सोमवार दिउँसो ४ बजे बस्ने सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई राष्ट्रपति र ामचन्द्र पौडेलले सम्बोधन गर्नुहुने संसद् सचिवालयका प्रवक्ता एकराम गिरिले जानकारी दिनुभयो । उहाँका अनुसार र ाष्ट्रपतिले पौडेलले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुने छ ।

राष्ट्रपति पौडेलबाट नीति तथा कार्यक्रम प्रस्तुत हुने संयुक्त बैठकमा दिउँसो पौने ४ बजेअघि नै उपस्थित हुन प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्यलाई संसद् सचिवालयले अनुरोध गरेको छ। त्यसअघि दिउँसो २ बजे प्रतिनिधिसभा र र ाष्ट्रियसभाका छुटाछुटै बैठक बस्नेछन् ।

संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाको बैठकमा प्रतिनिधिसभा नियमावलीको मस्यौदा पेश गर्नुका साथै सर कारबाट जारी भएका अध्यादेशहरू पेश गर्ने कार्यसूची पनि छ । बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहले ३ वटा र पाँच जना मन्त्रीले १/१ वटा अध्यादेश पेश गर्ने कार्यसूची रहेको छ ।

# धनुषामा बस दुर्घटना : १७ जना घाइते



विजयकुमार साह

**वैशाख २७ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-९, लालगढ नजिक पूर्वपश्चिम राजमार्गमा आइतबार यात्रुवाहक बस दुर्घटना हुँदा चालकसहित १७ जना घाइते भएका छन् । इलाका प्रहरी कार्यालय ढल्केवरका अनुसार काठमाडौँबाट विराटनगरतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-००६ ख ५२३७ नम्बरको बस पल्टिएको हो ।


इलाका प्रहरी कार्यालय ढल्केवर का प्रहरी निरीक्षक लक्ष्मण केसीले दुर्घटनामा परेको बसले सोही दिशाबाट अगाडि गइर हेको प्र १-०१-००१ ख ४२२४ नम्बरको बसलाई ओभरटेक गर्ने क्रममा पछाडिको भागमा ठोक्किएपछि अनियन्त्रित भएको बागमती प्रदेश ०१-००६ ख ५२३७ नम्बरको बस सडकमा पल्टिएको बताउनुभयो ।

दुर्घटनामा परेको बसमा सवार ३३ जना यात्रुमध्ये चालकसहित १७ जना घाइते भएका छन् । घाइतेहरूको लालगढस्थित मोडल अस्पतालमा उपचार भइरहेको प्रहरीले उहाँले जानकारी दिनुभयो । ठक्कर लागेको अर्को बसमा सामान्य क्षति पुगेको छ। दुर्घटनामा पर ेका दुवै सवारीसाधनलाई नियन्त्रणमा लिई थप अनुसन्धान अघि बढाएको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो ।

प्रहरीका अनुसार घाइतेमध्ये चालक मकवानपुर हेटौँडा उपमहानगरपालिका-९ निवासी ४३ वर्षीय विष्णु घाइते हुनुभएको छ । भारतको आसाम निवासी ५० वर्षीय बिराज शेख र ३५ वर्षीय सतन शेखको टाउको तथा शरीरमा मध्यम चोट लागेको छ भने २८ वर्षीय अफताब अन्सारी सामान्य घाइते हुनुभएको छ ।

त्यस्तै सुनसरी हरिनगर-४ निवासी २० वर्षीय सुजन यादव, उदयपुर चन्दनगढी-६ निवासी ३२ वर्षीय अजय काफ्ले, काठमाडौँ महानगरपालिका-३२ निवासी २१ वर्षीया रिद्धि खड्की र २१ वर्षीया सरन खड्की पनि घाइते हुनुभएको छ ।

धनुषाको गणेशमान चारनाथ नगरपालिका-५ निवासी ४२ वर्षीया ललिता भुजेल, सर्लाही लालबन्दी-१ निवासी ३८ वर्षीय दिजेन्द्र न्यौपाने, सहचालक मोर ङ विराटनगर निवासी २८ वर्षीय मुकेश साह, तेह्रथुम थथर गाउँपालिका-४ निवासी २८ वर्षीया कविता भुजेल, सुनसरी धरान-१७ निवासी ३४ वर्षीया मेरी राई, झापा झिलझिले-८ निवासी २० वर्षीय न्युसन थापा, सुनसरी इनरुवा निवासी ३३ वर्षीय राजकुमार उराउ, सिर हा मिर्चैया-१ निवासी ४४ वर्षीय रतनदेव मण्डल तथा सुनसरी इनरुवा निवासी ३३ वर्षीया सन्तोषी उराउ घाइते हुनुभएको प्रहरीले जनाएको छ ।




## गौशाला नगरपालिका,
## महोत्तरी

## पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्रका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।
–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।



–सम्बन्ध विच्छेद्रको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

## रामगोपालपुर नगरपालिका,
## महोत्तरी

## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धैरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

## मटिहानी नगरपालिका,
## महोत्तरी

# सरकारको पक्षमा पूर्ण बहुमत छ : मधेश प्रदेशका मुख्यमन्त्री यादव

## वैशाख ३० बुधवार प्रदेशसभाबाट विश्वासको मत लिने तयारी

**खबर दर्पण समाचारदाता**
**वैशाख २६ गते, जनकपुरधाम**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आफ्नो नेतृत्वको सरकारको पक्षमा पूर्ण बहुमत रहेको बताउनुभयो ।

उहाँले जनकपुरधाममा पत्रकार हरु संग संक्षिप्त कुराकानी गर्दै आफूसँग चार दलको समर्थन कायम रहेकाले सरकारको पक्षमा पूर्ण बहुमत रहेको दाबि गर्नुभयो ।

मुख्यमन्त्री यादवले यहि वैशाख ३० बुधवार प्रदेशसभाबाट विश्वासको मत लिने तयारी रहेको समेत जानकारी दिनुभयो ।

उहाँले नेपाली काँग्रेससहित सत्तारुढ ४ दलको आज जनकपुर धाममा बसेको बैठकले बुधवार का लागि विश्वासको मत लिने विषयमा छलफल भएको जानकारी दिनुभयो ।

मुख्यमन्त्री यादवले हाल १०२ सदस्यीय कायम रहेको मधेश प्रदेश सभामा सरकार गठनका लागि बहुमत पुर्‍याउन ५२ जना सदस्य आवश्यक पर्ने बताउनु हुँदै उहाँले आफू सँग नेपाली काँग्रेसको २२, जनता समाजवादी पार्टी नेपालका १७, नेपाली कम्युनिष्ट पार्टीका १५, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका ८ जना गरेर ६२ जना प्रदेशसभा सदस्यहरूको समर्थन कायम रहेको बताउनुभयो ।

उहाँले जनमत पार्टी सरकार बाट बाहिरिए पनि सरकारमा कुनै फरक नपर्ने र नेकपा एमालेलाई पनि समर्थनका लागि आग्रह गर्ने पनि बताउनुभयो ।

मधेश प्रदेशका चार दलको आज बसेको बैठकले वर्तमान सरकार लाई अझै राम्रोसँग सञ्चालन गर्ने विषयमा पनि छलफल भएको मुख्यमन्त्री यादवले जानकारी दिनुभयो ।




## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**औरही नगरपालिका, महोत्तरी**

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**मिथिला नगरपालिका, धनुषा**

छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुर्याउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा  मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,